Rural Institution for Community Development



# ANNUAL REPORT
## 2079-2080

A PLACE FOR DEVELOPMENT LEARNERS

# CONTENTS


| Page | |
|---|---|
| 3 | Words from the Chairperson |
| 4 | District Profile and Beneficiaries |
| 5 | Words from the Executive Director |
| 6 | Vision, Mission, Objectives |
| 6 | Core Values |
| **7-11** | **Achievements** |
| 7 | Primary Health |
| 8 | School Education |

| Page | |
|---|---|
| 9 | Food Security |
| 10 | Humanitarian Emergency Response |
| 11 | Climate Change |
| 12 | Learnings |
| 12 | Challenges |
| 13 | Financial Status |
| 14 | List of Board and Staff Members |
| 15 | Current Projects and Funding Partners |

# अध्यक्षको सन्देश

ग्रामीण सामुदायिक संस्था विकास (रिकोड) जिल्ला प्रशासन कार्यालय ललितपुरमा २०५१ सालमा दर्ता भएको गैरसरकारी संस्था हो । स्थापना कालदेखि नै संस्थाले ललितपुर जिल्लाका साथै अन्य जिल्लामा समुदाय केन्द्रित विकास परियोजना सञ्चालन गर्दै आइरहेको छ । विशेषतः ग्रामीण सामुदायिक संस्था विकास (रिकोड) ले ललितपुर जिल्लाको दक्षिणी भेगमा परियोजना सञ्चालन गरिरहेको छ । प्रभावकारी योजना कार्यान्वयनका लागि कुनै पनि संस्थाले विभिन्न योजनाबद्ध आवधिक रणनीति तर्जुमा गर्नु अपरिहार्य हुन्छ । यसै क्रममा संस्थाले हाल छैटौं रणनीति योजना २०२२/०२६ मा आधारित भएर परियोजना सञ्चालन गरिरहेको छ ।

संस्थाले रणनीति योजनाको परिधिमा रही हाल खाद्य सुरक्षा तथा पोषण सुधार परियोजना र पोषण स्वास्थ्य सुधारका लागि आपसी सिकाइ परियोजना सञ्चालन गर्दै आइरहेको छ । मेनोनाइट सेन्ट्रल कमिटी र नर्वेजियन एजेन्सी फर इन्टरनेस्नल एक्सचेन्ज कोअपरेसनको आर्थिक तथा प्राविधिक सहयोगमा यी परियोजनाहरु सञ्चालन हुँदै आइरहेका छन् । यस आर्थिक वर्षमा यी परियोजनाको समाज कल्याण परिषद्बाट मूल्याङ्कन गरिएको छ । उक्त मूल्याङ्कनले परियोजना प्रभावकारी तथा वस्तुनिष्ठ रहेको औँल्याएको छ । आगामी दिनमा प्रभावकारी परियोजना कार्यान्वयका लागि केही सुधारका पक्षहरुसमेत सिफारिस गरिएको छ ।

> *संस्थाले हाल छैटौं रणनीति योजना २०२२/०२६ मा आधारित भएर परियोजना सञ्चालन गरिरहेको छ ।*

नेपाल सरकारको नियमानुसार वार्षिक रुपमा साधारण सभा सम्पन्न गरी सम्बधित निकायहरुबाट संस्था नवीकरण भइरहेको छ । हालै सम्पन्न २९ औं साधारण सभाले नौ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ । नवनिर्मित कार्यसमितिले संस्थाको नियमानुसार विभिन्न उपसमिति गठन गरेको छ । परियोजनाको प्रभावकारिता र दिगोपनका लागि स्थानीय तहदेखि प्रदेश तथा केन्द्रीय स्तरका विभिन्न निकायहरुसँग आवश्यक सहकार्य, समन्वय एवम् साझेदारी गरिरहेको छ ।

सरकारका विभिन्न तह, सरोकारवाला, लाभान्वित वर्ग तथा कर्मचारीको प्रभावकारी भूमिकाका कारण संस्थाले परियोजना सफलतापूर्वक सम्पन्न गर्न सकेकामा उहाँहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । आफ्नो पदावधि सफलतापूर्वक सम्पन्न गरेकामा निवर्तमान कार्यसमितिका पदाधिकारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । विभिन्न परियोजनाहरुका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने दातृ निकाय तथा सम्बद्ध कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।



**तुलसी शर्मा**
अध्यक्ष




# District profile

| | | |
|---|---|---|
| 5,51,667<br>Total population | 2,74,536<br>Female | 2,11,578<br>Dependent |
| 7,954<br>Differently able | 1,40,367<br>No of households | 88.08%<br>Literacy rate |

# Beneficiaries

| Households | Population |
|---|---|
| 1,519 | 6,532 Direct (Male: 2,876, Female: 3,656)<br>13,484 Indirect (Male: 6,696, Female: 6,788) |

# कार्यकारी निर्देशकको टेवलबाट

ग्रामीण समुदायिक संस्था विकासले विगत तीन दशकदेखि ललितपुरलगायत विभिन्न जिल्लाहरूमा महिला, बालबालिका तथा किशोरकिशोरीको शिक्षा, स्वास्थ्य र जीविकोपार्जनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग, सकहार्य र साझेदारीमा परियोजना सञ्चालन गर्दै आइरहेको छ । संस्थाको सिकाइलाई अन्तर्राष्ट्रिय समुदायसँग साटासाट गर्ने लक्ष्यले विगत ३ वर्षदेखि बंगलादेशमा समेत सहकार्य गरी परियोजना सञ्चालन गर्न पाउँदा हामी अत्यन्त हर्षित भएका छौं। यस संस्थाले स्थापना कालदेखि नै महिला तथा बालबालिकाको पोषण स्वास्थ्य सुधार, किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य सुधार, प्रकोपमा राहत तथा पुनर्स्थापना सहयोग, समुदाय परिचालन जस्ता कार्य गरिरहेको छ । स्वदेशी तथा विदेशी शैक्षिक संस्थासँग सहकार्य गरी युवा स्वयम् सेवक परिचालन, समुदायका आवश्यकताको पहिचान तथा सम्बोधन गरिरहेको छ ।

संस्थाले आर्थिक वर्ष २०७९/०८० मा मेनोनाइट सेन्ट्रल कमिटीको आर्थिक सहयोगमा ललितपुर जिल्लाका बागमती गाउँपालिकाका छ ओटा वडाहरू (घुसेल, माल्टा, भट्टेडाँडा, प्युटार र इकुडोल) तथा गोदावरी नगरपालिकाको वडा नं. ७ देवीचौरमा खाद्य सुरक्षा तथा पोषण स्वास्थ्य सुधार परियोजना सञ्चालन गरिरहेको छ । नर्वेजियन काउन्सिल फर इन्टरनेसनल एक्चेन्ज कोअपरेसन नर्वेको आर्थिक सहयोगमा बागमती गाउँपालिकाको वडा नं. ३ भट्टेडाँडा, गोदावरी नगरपालिकाको वडा नं. ७ देवीचौर र वडा नं. ११ चापागाउँमा महिला तथा बालबालिकाको पोषण स्वास्थ्य सुधार परियोजना सञ्चालन गरिरहेको छ । दुई जना स्वास्थ्य कर्मचारीहरूमार्फत् इफोर्ट फर रूरल एडभान्समेन्टसँग सहकार्य गरी बंगलादेशमा सिकाइ आदान प्रदान गरिरहेको छ ।

*संस्थाको सिकाइलाई अन्तर्राष्ट्रिय समुदायसँग साटासाट गर्ने लक्ष्यले विगत ३ वर्षदेखि बंगलादेशमा समेत सहकार्य गरी परियोजना सञ्चालन गर्न पाउँदा हामी अत्यन्त हर्षित भएका छौं।*

संस्थाका गतिविधिहरूबाट यस आर्थिक वर्षमा १,५१९ घरधुरीका ६,५३२ जना प्रत्यक्ष रूपमा लाभान्वित भए । जसका लागि अन्तर्राष्ट्रिय संस्थाहरूको रू. २,४४,५२,४४४/- आर्थिक सहयोग तथा स्थानीय सरकारको सल्लाह सुझाव तथा प्राविधिक सहयोग महत्वपूर्ण रहयो । कर्मचारीहरूको अथक मिहिनेत तथा कार्य समितिको प्रभावकारी निर्देशनबाट अपेक्षित उपलब्धि हासिल गर्न सफल भयौं । संस्थाका योजनालाई सफल बनाउन आर्थिक तथा प्राविधिक सहयोग गर्ने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय दातृ संस्था, साझेदार सङ्घसंस्था, जनप्रतिनिधि, कर्मचारी, परियोजनामा संलग्न सहभागी, संस्थाका सदस्य तथा कार्यसमितिका पदाधिकारीहरूलाई हार्दिक आभार व्यक्त गर्दछु । आगामी दिनमा पनि यहाँहरूको सल्लाह, सुझाव र सहयोगको अपेक्षा राख्दछु ।



**रामहरि घिमिरे**
कार्यकारी निर्देशक

# VISION

Fair and impartial communities for the well-being of all

# MISSION

To build a just and equitable society by empowering the community

# OBJECTIVE

- Increase and enhance access to primary health care services
- Improve the quality of early childhood development, basic, and secondary education
- Improve the food security and nutrition of target groups Provide humanitarian assistance to households affected by disasters
- Address climate change issues at the household and community



# CORE VALUES

## Dignity and Justice

Dignity is a term used in moral, ethical and political discussions to signify that a person has an innate right to respect and ethical treatment. Everyone is entitled to all the rights and freedoms, without distinction of any kind, such as race, color, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status. Justice is a human creation. Social and economic inequalities are to be addressed so that they both are for the greatest benefit of all. In institutions, justice raises issues like legitimacy, procedures and interpretation.

RICOD respects the dignity of every person and support communities in their efforts to achieve justice and human rights in all actions. RICOD facilitates the empowerment of those it works with to achieve these ends.

## Transparency and Accountability

Transparency is performing actions in an open and clear manner while accountability is having ability to provide sound reasoning for those actions. This leads towards good governance of the institution. RICOD maintains, applies and periodically reviews rules, regulations, policies, guidelines and procedures which ensure transparency and accountability. It is also ensured through reporting to the communities, funding partners, government and other relevant stakeholders.

## Environment sensitivity

In general, environment refers to the of an object or the including all living and non-living things. RICOD is sensitive towards conservation of the natural resources. RICOD ensures rational use of natural resources so that its actions will not deteriorate the environment. This includes use of bio-fertilizers, proper disposal of plastic materials, rational use of means of transport and adoption of eco-friendly technologies.

# संस्थाका उपलब्धी

**PRIMARY HEALTH CARE**
**प्राथमिक स्वास्थ्य**

## Target group's increased and enhanced access to primary health care services

| Indicator | Status 2079/80 |
|---|---|
| Women receiving maternal health care services | ANC- 73.83%, PNC- 16.17% Institutional delivery- 73.53% |
| Families/household following proper water, sanitation and hygiene practices | 51.59% |
| U2 Children with regular monthly growth monitoring | 40% |
| Recipients satisfied with local health services | 81.31% |

**2,757** (Male: 387, Female: 2370)
Benefited population by training

**6**
Health Institutions supported with health materials

**18**
Mothers' groups supported by equipment for women drudgery reduction

## सुत्केरी सचेतनामा ललितमानको लगाव

ललितमान वाइवा बुबा, भाइ र बहिनीसँगै बागमती गाउँपालिका-१ को कुतवन बेसीमा बस्नुहुन्छ । उहाँलाई आठ वर्षकै उमेरमा आमाले छाडेर जानुभयो । उहाँको आमाको मृत्युसुत्केरी हुने क्रममा नै भएको हो । अस्पतालको पहुँच थिएन । नजिकै स्वास्थ्य चौकी नै थिएनन् । गर्भावस्थाको नियमित जाँचको बारेमा जानकारी त परकै कुरा ! त्यसैले स्थानीय केही महिलाहरूको सहयोगमा बच्चालाई घरमै जन्माउने प्रयास गर्नुहुँदा उहाँको निधन भयो । ललितमानको आमाको निधन हुँदा बाबा पनि घरमा हुनुहुन्थेन । उहाँ त्यतिबेला माओवादी पार्टीमा क्रियाशील हुनुहुन्थ्यो । माओवादी भुमिगत भइरहेको त्यो बेला परिवारको प्रमुखको रूपमा उहाँले केही गर्न सक्नुभएन ।

गाउँमा यातायात, बिजुली र अन्य आधारभूत आवश्यकताहरूको अभाव छ । आधारभुत आवश्यकताको अभाव भनेको मानव अधिकारको उपभोग हुन नसक्नु हो । जब ललितमानले रिकोडमा साथी शिक्षक पदको लागि सामाजिक सञ्जालमा विज्ञापन देख्नुभयो । उहाँलाई साथी शिक्षक बनुँबनुँ लाग्यो । त्यसका लागि उहाँले निवेदन दिनु भयो । यस भूमिकामा उहाँले पोषण तालिम, सामाजिक सचेतना कार्यक्रमहरू, बैठकहरू, पशुपालन, कृषि तालिमलगायतका कार्यक्रम र तालिमहरूमा भाग लिने अवसर पाउनु भयो । यि अवसरले उहाँलाई आधारभुत आवश्यकता, अधिकार, स्वास्थ्य र सुरक्षा तथा पोषण र घर वरपरका खानेकुराका बारेमा जानकारी हासिल भयो ।



उहाँको मुख्य पेशा कृषि भएता पनि यससँगै समुदायलाई पोषण, लैङ्गिक समानता, गर्भावस्था र प्रसूति अवस्थाको जाँच तथा संस्थागत प्रसूतिबारे जनचेतना फैलाउन प्रेरित हुनुहुन्छ । प्रसूति अवस्थामा आफ्नी आमाको मृत्युले गर्दा अरू आमाहरूलाई मृत्यु हुनबाट जोगाउनु उहाँले आफ्नो कर्तव्य ठान्नु भएको छ । उहाँको एउटै इच्छा छ-'मेरो आमा र नवजात शिशु (बहिनी) जसरी कसैले पनि स्वास्थ्य सेवामा पहुँचको कमीले गर्दा मृत्यु वरण गर्न नपरोस् ।' यहि इच्छा पुरा गर्न उहाँ सकारात्मक उर्जाका साथ गाउँ समाजमा सचेतना फैलाउँदै हुनुहुन्छ ।

**SCHOOL EDUCATION**
**विद्यालय शिक्षा**

# To improve quality of early childhood development and basic & secondary education

| Indicator | Status 2079/80 |
| --- | --- |
| Trained ECD facilitators | 75% |
| School drop-outs | 0.60% |

**37**
Training and ECD materials supported schools



## अप्सराको अठोट

अप्सरा न्यौपाने अहिले ४५ वर्षको हुनुभयो । उहाँ बागमती गाउँपालिका-२ स्थित श्री काली देवी माध्यमिक विद्यालयमा इसिडि कक्षामा पढाउनुहुन्छ । उहाँले पढाउन थालेकै १८ वर्ष भयो । तर, अहिले कक्षा १२ मा पढ्दै हुनुहुन्छ । पढाउने परम्परागत शैली त छँदैथ्यो त्यसमा अरू धेरै कुरामा ध्यान नै पुग्दैनथ्यो ।

यसैबिच रिकोडको बाल विकास सहजकर्ताका लागि बाल मनोविज्ञान तथा पोषण तालिम प्रदान गरेको थियो । उहाँ पनि तालिमको एक सहभागी हुनुहुन्छ । 'म आफैँले कक्षा सजावट गर्ने गरेकोमा तालिम लिए पश्चात केही शैली परिवर्तन गरेकी छु । साथै तालिममा पाएका शैक्षिक सामग्रीहरूको पनि उच्चतम प्रयोग गर्ने गरेकी छु ।' न्यौपानेले ओठमा मुस्कान छर्दै भन्नु भयो ।

बालबालिका चित्र हेरेर, अक्षर हेरेर र त्यसैमा चलेर सिक्न उत्साहित हुने रहेछन् । त्यसरी सिकाउन पनि सजिले हुने हुँदा कक्षा कोठा निकै रमाइलो हुन्छ । अझ गीत गाएर, नाचेर शिशुहरूलाई कुनै पनि कुरा सिकाउँदा उनीहरूले छिट्टै सिक्ने उहाँको अनुभव छ । अहिले बालबालिका रत्तिएर सिक्ने गरेका छन् । आफ्नो पढाइलाई पनि अघि बढाउँदै बालबालिकालाई पोषण र बाल विकासको सम्बन्ध सेतु सिकाउने उहाँमा दृढ अठोट रहेको छ ।

FOOD SECURITY
खाद्य सुरक्षा

## Food security of target groups improved

| Indicator | Status 2079/80 |
| --- | --- |
| Households having increased consumption of nutritious food | 16.29% |
| Households practicing seed preservation for next season | 43.43% |

**2,757**
Benefited population by training

**1,098**
Households benefited by vegetable seed and agriculture materials support

**18**
Mothers' groups participated in income generating grant

## सफल भयो राधिकाको रहर

मेरो नाम राधिका दुलाल हो । म बागमती गाउँपालिका-३, भट्टेडाँडामा बस्छु । म अहिले ४५ वर्षकी भएँ । श्रीमान, एक छोरा र दुई छोरीहरु छन् । एक जना छोरीको विवाह भइसकेको छ । विवाहित छोरी विदेश गएकाले नातिनी मसँगै बस्छिन् । हाम्रो गाउँमा सिञ्चाइको असाध्यै समस्या थियो । जसले गर्दा उत्पादन पनि त्यति सन्तोषजनक थिएन । उब्जनीले खान पुगेपनि व्यवसायिक बन्ने कुरा चाहिँ आकासको फल आँखातरी मर बराबर नै थियो ।



मैले रिकोडद्वारा सञ्चालित पोषण र कृषि तालिम पाएकी छु । कृषि तालिम पाएपछि मलाई रिकोडले कृषि सामग्री र साना सिञ्चाई सहयोग गऱ्यो । तालिम अनि त्यसपछिको साथ सहयोगले गर्दा मलाई कुरिलो खेती गर्न मन लाग्यो । मैले आफ्नै व्यक्तिगत लगानीमा टनेल तयार गरी कुरिलोको दुई पाकेट बेर्ना राखेँ ।

यसअघि कहिले पनि कुरिलो खेती नगरेकाले मनमा अलिअलि डर थियो । बेर्ना राम्रो उम्रियो । खेती पनि सोचेभन्दा राम्रो भयो । आफूले प्रशस्त खाएर, छरछिमेक इष्टमित्रलाई बाँडेर पनि बजारमा बेच्न सफल भएँ । अहिले आफ्नो आम्दानी बढ्नुका साथै खाना खाने व्यवहारमा समेत सुधार भएको छ । पहिलेको तुलनामा अहिले खानपान र सरसफाईमा बढी सजग भएकी छु । विशेषगरी हरेक छाकमा चार समूहका खाना समेट्ने कोशिश रहन्छ ।

कहिले कँही केही छुट्यो भने परिवारका अन्य सदस्यले पनि पत्ता लगाउन सक्ने भएका छन् । यो सबै ज्ञान रिकोडको तालिमबाट पाएकी हुँ । अब यस्तो ज्ञान परिवारमा मात्रै सीमित राख्दिनँ । म अरू छिमेकी र चिनजानका मानिसलाई पनि बाँड्छु ।



**HUMANITARIAN EMERGENCY RESPONSE**
**आपतकालिन मानविय राहत**

## Provide humanitarian assistance to households affected by disasters

| Indicator | Status 2079/80 |
| --- | --- |
| household receiving immediate humanitarian assistance during disaster | 2 households |

**2**
Households supported with food and non-food items

## रिकोडको साथ सुकुमारलाई

मेरो नाम सुकुमार गोले हो । म मेरो श्रीमती र छोरासहित महाङ्काल गाउँपालिका ढूलादुर्लुङमा बस्छु । मेरो भाइको नाम सुमन गोले हो ।  उ आठ वर्षदेखि रिकोडमा काम गर्छ । २०७९ चैत २९ गतेका दिन मेरो घरमा (भाडाको घर) आगो लाग्यो । मेरो आफ्नै घर छैन । म तीन वर्षदेखि भाडामा बस्दै खेती किसानी गरी जीविकोपार्जन गर्दै आएको छु । आगोले मेरो घर र सम्पूर्ण सामान छिनभरमै खरानी बनाइदियो ।

तत्काल खान अनि लत्ता कपडाको व्यवस्था मिलाउन पनि समस्या भयो । वडा अनि गाउँपालिकाबाट राहत सामग्री आउने आशा त थियो । दु:खमा नजिकको सरकारले साथ दिन्छ भन्ने थाहा थियो । उनीहहरूले राहत सहयोग गर्नुअघि कसरी हातमुख जोर्ने भन्ने चिन्ता थियो । तत्कालै भाइ सुमनले अफिसमा कुरा गरेछ र आधारभूत राहत सामग्री सहयोग हुने जानकारी गरायो ।

उसको जानकारी लगत्तै रिकोडका कर्मचारीहरु सामान सहित हाम्रोमा आउनु भयो । यस्तो किसिमको आपतकालिन मानवीय राहतले म जस्ता मानिसलाई निकै नै सहयोग हुने रहेछ ।



CLIMATE CHANGE
वातावरणिय परिवर्तन

## To address climate change issues at the household, community, and RICOD-wide levels

# Research on:

"Climate Change Perceptions and Adaptations of Southwestern Lalitpur Farmers"

## An abstract of the "Climate Change Perceptions and Adaptations of Southwestern Lalitpur Farmers"

Climate change is one of the most pressing issues of the twenty-first century, with devastating impacts tangible everywhere. The impact is large in vulnerable countries like Nepal, due to its dependence on rain-fed smallholder agriculture and wide variety of altitudes and climates. Nepal bears witness to the current devastating impacts of climate change and is bracing for growing future impacts. Thus, understanding climate perceptions and adaptation strategies is of utmost importance in addressing this crisis.

Through semi-qualitative interviews with 107 farmers in the rural southwest of the Lalitpur district, this study explored the perceptions of long-term climate changes, the perceived climate impacts, and recent adaptation methods. Participants indicated hotter summers, more unpredictable rainfall, and other agreements with general national trends; they perceived the impacts of crop production decline and increased pests and disease. In terms of adaptation, the farmers have engaged in a multidimensional range of adaptation methods, including increased livestock farming, off-season vegetable farming in plastic tunnels, and the use of hybrid seeds. This study provides future Nepal mid-hills food security and livelihoods projects with relevant statistics and methods to explore climate change with communities.

*This study was conducted by Evan Strong, Salter Volunteer from Mennonite Central Committee November 2022 -June 2023*



## संस्थाका सिकाईहरू

- स्थानिय तह तथा अन्य निजि क्षेत्रका संस्थाहरू र गैर सरकारी संस्थाहरूसंग बार्षिक योजना तर्जुमा र कार्यान्वयन अवधिमानै समन्वय गर्दा प्रभावकारी हुने
- कृयाकलापको संख्याका साथै गुणस्तरमा समेत ध्यान दिँदा कार्यक्रमको प्रभावकारीता बढी हुने
- परियोजना सम्पन्न पश्चात पनि प्रभावकारीता कायम राख्न नियमित फलोअप गर्नु पर्ने
- रिकोडको संस्थागत विकासका लागि नियमित रूपमा आन्तिरिक तथा बाह्य अवस्था विश्लेषण गर्नु पर्ने
- स्थानिय स्रोत तथा साधनको पहिचान गरि उचित परिचालन गर्न सकेमा उपलब्धिहरू दिगो हुने

## संस्थाका चुनौतिहरू

- स्थानिय तहमा बेला बेला भईरहने कर्मचारी परिवर्तनका कारणले समन्वय र सहकार्य गर्नु
- सिमित परियोजानहरू भएकोले कार्यालयमा प्रशासनिक खर्च जुटाउनु
- स्थानिय स्रोत तथा साधनहरूको पहिचान गरि उचित परिचालन गर्नु
- संस्थामा सिमित श्रोत साधनका कारण समुदायका सबै अपेक्षाहरूलाई पुर्ण रूपमा सम्बोधन गर्नु
- परियोजनाको समाप्ति पश्चात उपलब्धिहरूको दिगोपना

# FINANCIAL STATUS






## Executive Committee Members

| | |
|---|---|
| Mr. Tulasi Sharma | Chairperson |
| Ms. Rachana Maharjan | Vice- Chairperson |
| Mr. Laxmi Prasad Timalsina | Secretary |
| Ms. Sita Devi Neupane | Treasurer |
| Mr. Tekarnath Timalsina | Member |
| Ms. Sushila Timalsina | Member |
| Mr. Tej Prasad Bajagain | Member |
| Prof. Dr. Seshananda Sanjel | Ex-officio member |
| Mr. Ram Hari Ghimire | Ex-officio member |

## Advisor

Mr. Krishna Bahadur Rawal

## Staff Members

| | |
|---|---|
| Ram Hari Ghimire | Executive Director |
| Kunjana Pandey | Project Coordinator |
| Jagrit Prasad Timalsina | Admin and Finance Officer |
| Aanchal Khadka | MEAL Assistant |
| Sushila Nagarkoti | Agriculture Technician |
| Shyam Sanjel | Livestock Technician |
| Suman Gole | Community Facilitator |
| Bachchu Dahal | Community Facilitator |
| Sabin Timalsina | Community Facilitator |
| Keshav Gautam | Community Facilitator |
| Dina Ghimire | Community Facilitator |
| Gita Timalsina | Community Facilitator |
| Laxmi Kapali | Office Assistant |
| Urja Regmi | Public Health Officer |
| Dr. Rina Thapa | Medical officer (Doctor) |
| Rina Timalsina | Office support (Part time) |

# हाल संचालनरत परियोजनाहरु

**ग्रामीण ललितपुरमा महिला तथा वालवालिकाको खाद्य सुरक्षा तथा पोषण सुधार परियोजना**
Improving Food Security and Nutration of Women and Children in Rural Lalitpur

**स्वास्थ्य र पोषण सुधारका लागि आपसी सिकाई परियोजना**
Mutual Learning for Improving Health and Nutrition Scenario

## Thanks to

Mennonite Central Committee

NOREC
NORWEGIAN AGENCY FOR EXCHANGE COOPERATION

RICOD

**ग्रामीण सामुदायिक संस्था विकास (रिकोड)**
गोदावरी न.पा.-११, चापागाउँ, ललितपुर
पो.ब.नं. १२७७५, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-५५७२३०८/५५७२९६५
इ-मेलः office.ricod@gmail.com, वेभः www.ricod.org.np